आज मिति २०८२ साल फाल्गुण २ गते शनिबार बिहान ८.३० बजे जिल्ला वन सुरक्षा समन्वय समिति अर्घाखाँचीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदी ज्यूको अध्यक्षतामा तथा तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निम्नानुसार निर्णय गरियो।

**उपस्थिती**

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्रीतोय नारायण सुवेदी,जिल्ला प्रशासन कार्यालय, अर्घाखांची | अध्यक्ष |
| सेनानी श्री रिकि पाण्डे, श्री विरभद्रजङ्ग गुल्म, अर्घाखाँची | सदस्य |
| प्रहरी नायव उपरिक्षक श्री दिवस बहादुर जि.सि., जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची | सदस्य |
| सशस्त्र प्रहरी नायव उपरिक्षक श्री योगराज दाहाल, सशस्त्र प्रहरीवल नेपाल, नं.३६ गुल्म | सदस्य |
| उप-अनुसन्धान निर्देशक श्री विनय चतुर्वेदी, राष्ट्रिय अनुसन्धान जि.का. अर्घाखाँची | सदस्य |
| सिनियर डिभिजनल वन अधिकृत श्री नारायणदेव भटराई, डि.ब.का. अर्घाखांची | सदस्य सचिव |

आमन्त्रित उपस्थितीः

जिल्ला समन्वय प्रमुख श्री जिवनारायण कोईराला, जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँची।

प्रशासकिय अधिकृत श्री श्यामहरी भटराई, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची ।

अन्य उपस्थितीः

व.व.अ. श्री गणेश कुमार थारु, डि.ब.का. अर्घाखाँची ।

ब.व.अ. श्री सन्त बहादुर थिङ्ग, डि.ब.का. अर्घाखाँची ।

व.व.अ. श्री राम बहादुर घलान, भुमिकास्थान सब-डि.ब.का. अर्घाखाँची

व.व.अ. श्री दशराम चौधरी, सन्धिखर्क सब-डि.ब.का. अर्घाखाँची

ले.अ. श्री दधिराम अधिकारी, डि.ब.का. अर्घाखाँची ।

व.अ. श्री केशर खड्का, डि.ब.का. अर्घाखाँची ।

अ.(प्र.) श्री अरुण कुमार आचार्य, डि.ब.का. अर्घाखाँची ।

व.फ. श्री दिपक पाण्डे, पाणिनी सब-डि.ब.का. अर्घाखाँची

जमदार श्री विष्णु प्रसाद खनाल, सशस्त्र वन सुरक्षा शाखा, डि.ब.का. अर्घाखाँची ।

CS Scanned with CamScanner

निर्णयहरु:

निर्णय नं. १: अर्घाखाँची जिल्लामा हिउदको समयमा हुने बिपदको घटना वन डढेलो तथा आगलागीको जोखिम देखिएको, वन डढेलो तथा आगलागी नियन्त्रण गर्न आगो निभाउने यन्त्र उपकरण जडान गरी सुरक्षा फौज सहितको जनशक्ति तत्कालै फिल्डमा खटाउनुपर्ने भएकोले सो को लागि डिभिजन वन कार्यालयबाट हालै खरिद गरिएको मिनि ट्रकमा पानी ट्याँकी सहितको अन्य उपकरण जडान गर्न आवश्यक बजेट (डिभिजन वन कार्यालयले पेश गरेको सामाग्रीको बिवरण र स्पेसिफिकेसन बमोजिम) उपलब्ध गराई बिपद व्यवस्थापन कार्यमा सहयोग गर्न श्री रेड कार्यान्वयन केन्द्र, काठमाडौलाई अनुरोध गर्ने ।

निर्णय नं. २: सामुदायिक वन उपभोक्ता समुह अन्तर्गतको वनक्षेत्र तथा वरिपरिको सरकारद्धारा व्यवस्थित वनक्षेत्रमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक समुहहरुलाई कम्तिमा ३ महिना (चैत्र, वैशाख, जेष्ठ) को लागि सामुदायिक वनको आम्दानीको अवस्था, वनको क्षेत्रफल तथा वन डढेलो लाग्न सक्ने जोखिमको अवस्थाको आधारमा कम्तिमा ४ देखी बढीमा ८ जनासम्म अग्नी नियन्त्रक हेरालु नियुक्त गर्न निर्देशन दिने र समुहहरुले संयुक्त रुपमा क्लस्टर लेभलमा कम्तिमा १ वटा सवारीसाधन तयारी अवस्थामा राख्न लगाउने साथै आय नभएका समुहहरुले आफ्नो वनक्षेत्रभित्र वन डढेलो नियन्त्रणका लागि आलोपालो रुपमा स्वयँसेवक तवरले खटिन निर्देशन दिने ।

निर्णय नं. ३: वन डढेलो नियन्त्रण तथा ब्यवस्थापनको लागि जिल्ला समन्वय समिति, अर्घाखाँचीको समन्वय एवं निर्देशनमा सबै स्थानिय तह तथा सरोकारवाला निकायहरुलाई समन्वय गर्ने निर्णय गरियो । साथै सो को लागि स्थानिय तहले ३ महिनाको लागि १/१ थान मिनि ट्रक वा पिकअप भ्यान पानी ट्याँकी सहित तयारी अवस्थामा राखे,, आगो निभाउन खटिएका सुरक्षाकर्मीहरुलाई आवश्यक पर्ने खाजा, खाना र ईन्धन लगायतमा सहयोग गर्न अनुरोध गर्ने, स्थानीय तहहरुमा जिन्सी आम्दानी बाधिएका आगो निभाउने यन्त्र उपकरणको बिवरण नजिकैको प्रहरी ईकाइमा उपलब्ध गराउन र स्थानीय तहको बिपद ब्यवस्थापनको लागि बिनियोजित बजेटबाट वन डढेलो/आगो निभाउने यन्त्र उपकरण खरिद गर्न स्थानिय तहहरुलाई अनुरोध गर्ने ।

२०७८/१०/१६

CS Scanned with CamScanner